

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन ६ गते आइतबार ❑ 21 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## प्रधानमन्त्रीले विश्वासको मत लिँदै

रासस

काठमाडौं, ५ साउन



प्रतिनिधिसभाको आइतबार बस्ने बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिँदै हुनुहुन्छ।

संसद्मा कुनै पनि दलको बहुमत नभएको अवस्थामा दुई वा सोभन्दा बढी दलको समर्थनमा नियुक्त प्रधानमन्त्रीले पदमा नियुक्त भएपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ।

आइतबार दिउँसो १ बजे प्रतिनिधिसभाको बैठक राखिएको छ । उक्त दिनको बैठकमा विश्वासको मत लिने कार्यसूची राख्न प्रधानमन्त्री ओलीले यही असार २ गते सङ्घीय संसद् सचिवालयलाई पत्राचार गरिक्नुभएको छ । नेपालको संविधानको धारा ७६ को उपधार (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ७६ को उपधारा (४) बमोजिम त्यसरी नियुक्त गरिएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने प्रावधान रहेको छ। नेपाली कांग्रेस र नेकपा (एमाले)बीच गत असार १७ गतेको सहमतिका आधारमा एमालेका अध्यक्ष ओलीले नेपालको संविधानको धारा ७६ (२) बमोजिम गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएको हो। दुई ठूला दलबीचको सहमतिपछि अल्पमतमा पर्नुभएको तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गत असार २८ गतेको संसद् बैठकमा विश्वासमा मत प्राप्त गर्न सक्नुभएको थिएन।

नयाँ प्रधानमन्त्री ओलीको विपक्षमा नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा (एकीकृत समाजवादी) रहने स्पष्ट देखिएको छ, भने कांग्रेस, एमालेसहित अधिकांश दलले विश्वासको मत दिने देखिएको छ। यसै गरी नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले प्रधानमन्त्री केपी शर्मा ओलीलाई विश्वासको मत दिन ह्वीप जारी गरेको छ । एमाले संसदीय दलका मुख्य सचेतक महेश बर्तौलाले आज पार्टीका सबै सांसदलाई 'एसएमएस' पठाउँदै आइतबार (साउन ६ गते) बस्ने प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिन ह्वीप जारी गर्नुभएको हो । "साउन ६ गते बस्ने प्रतिनिधिसभाको बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूले विश्वासको मतका लागि प्रस्ताव पेस गर्नुहुने भएकोले अनिवार्य उपस्थित भई विश्वासको मत माग्ने प्रस्तावको पक्षमा मतदान गर्नुहुन ह्वीप जारी गरिएको जानकारी गराउँदछु" उहाँले जारी गर्नु भएको ह्वीपमा भनिएको छ। सोही विषयमा निर्णय लिन नेपाली कांग्रेस संसदीय दलको बैठक आइतबार बिहान बस्दैछ।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रधानमन्त्रीलाई विश्वासको मत नदिने भएको छ। राप्रपा निर्देशक समितिको शनिबार बसेको बैठकले विश्वासको मत नदिने निर्णय गरेको हो । जबकी कांग्रेस र एमालेबीच भएको सातबुँदे सहमतिलाई राप्रपाले सकारात्मक भनेको थियो।

नयाँ सरकारलाई प्रारम्भिक रुपमा सकारात्मक हिसाबले लिएको भएपनि तत्पश्चातका सम्पूर्ण गतिविधिको विश्लेषण गरेर विश्वासको मत नदिने निर्णय लिएको प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए।

## आलोचना गर्नेलाई कामबाट जवाफ दिनुपर्छ : स्थायी कमिटी सदस्य अधिकारी

पोखरापत्र संवाददाता

पोखरा, ५ साउन



नेकपा (एमाले) स्थायी कमिटी सदस्य खगराज अधिकारीले काम नगरी कुरा लगाएर मात्रै खानेका दिन गएको बताउनुभएको छ । शनिबार ४६ औं पुष्पलाल स्मृति दिवसको अवसर पारेर राष्ट्रिय युवा संघ नेपाल जिल्ला कमिटी कास्कीले आयोजना गरेको रक्तदान कार्यक्रममा बोल्दै उहाँले राष्ट्रिय एकतासँगै पार्टी भित्रको एकताको विषयमा जोड दिनुभयो।

'हामी गुटबन्दीको विरोध गर्छौं, अराजकताको विरोध गर्छौं, एकताको पक्षमा छौं, राष्ट्रिय एकता, पार्टी भित्रको एकता, संगठनभित्रको एकताको पक्षमा छौं, जस्ले काम गर्दैनन् कुरा लगाएर खान चाहन्छन् तिनीहरूका दिन गए' उहाँले भन्नुभयो। उहाँले युवाहरूलाई काम गरेर श्रममा बाँच्दै आफ्नो पौरखमा अगाडि बढ्न आग्रह गर्नुभयो । युवा संघ कास्कीले बाढी पहिरो लगायतका विपद्मा परेका जनताको उद्धारमा सक्रिय सहभागिता जनाएर नमुना काम गरेको उहाँले बताउनुभयो । अबका दिनमा अझ सुदृढ एकतावद्ध बनेर आलोचना गर्नेलाई कामबाट जवाफ दिन उहाँले जोड दिनुभयो । अविरल वर्षाका कारण आएको बाढी पहिरो लगायतका प्राकृतिक विपद्मा परि कास्की सहित लमजुङ, तनहुँ, बागलुङ, स्याङ्जा सहितका गण्डकी प्रदेशका जिल्लामा ठुलो जनधनको क्षति भएकोमा गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री समेत रहनुभएका अधिकारीले चिन्ता व्यक्त गर्नुभयो । पहिरोमा परेर निधन भएकाको परिवारलाई आवश्यक राहत र व्यवस्थापन काम भइरहेको उहाँको भनाई थियो । 'तपाईहरूको सहयोगमा प्रशासनलाई चुस्त दुरुस्त बनाएर पीडित परिवारलाई राहत दिने काममा हाम्रो नेतृत्वमा काम गरेका छौं, पीडित परिवारलाई भेट गरिरहेको छुँ' उहाँले भन्नुभयो ।

युवा संघका संस्थापक अध्यक्ष समेत रहनुभएका एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा अहिले देश अगाडि बढिरहेको भन्दै विकास निर्माण र विचार मार्फत राष्ट्रिय स्वाधीनताको झण्डा माथि उठाउन ओली सफल हुने दावी अधिकारीको थियो।

ओली नेतृत्वको सरकारले देशमा रहेको गरिबी, अभाव, बेरोजगारी लगायतका समस्या समाधान गर्दै विकासको गतिमा देशलाई अगाडि बढाउने विश्वास उहाँले व्यक्त गर्नुभयो । राष्ट्रिय युवा संघ नेपाल जिल्ला कमिटी कास्कीका अध्यक्ष शंकर पौडेलको अध्यक्षतामा भएको रक्तदान कार्यक्रममा केन्द्रीय सदस्य तथा कास्की इन्चार्ज विक्रम गुरुङ, कास्की सचिव उमेश गुरुङ लगायतले बोल्नुभएको थियो । पोखराको पृथ्वीचोकमा आयोजना गरिएको रक्तदान कार्यक्रममा ७८ युनिट रगत संकलन भएको अध्यक्ष पौडेलले जानकारी दिनुभयो।

४६ औं पुष्पलाल स्मृति दिवसको अवसर पारेर नेकपा एमाले जिल्ला कमिटी कास्कीको आयोजनामा साउन ६ गते बिहान ७ बजे जिरो किमी देखि पुष्पलाल पार्कसम्म सरसफाई कार्यक्रम तथा साउन ७ गते साईमन पार्टी प्लालेस सिर्जनाचोकमा बिहान ११ बजे 'नेपालको कम्युनिष्ट आन्दोलनमा पुष्पलालको योगदान र वर्तमानको कार्यभार' विषयक विचार गोष्ठीको आयोजना हुने एमाले कास्की अध्यक्ष वैनबहादुर अधिकारी क्षेत्रीले बताउनुभयो।

## डिजिटल मार्केटिङमा सावधानीपूर्वक मार्केटिङ गर्न सुझाव

पोखरापत्र संवाददाता

पोखरा, ५ साउन



डिजिटल मार्केटिङमा अवसर र चुनौती उत्तिकै हुने हुँदा सावधानि पूर्वक मार्केटिङ गर्न शुक्रबार आयोजित एक कार्यक्रमका वक्ताहरुले सुझाव दिनु भएको छ।

ट्रेकिङ एजेन्टस् एशोसिएसन अफ नेपाल(टान) गण्डकीको आयोजनामा, नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको सहकार्यमा सञ्चालित जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना अन्तर्गत शुक्रबार सम्पन्न पाँच दिने डिजिटल मार्केटिङ सम्बन्धी प्रशिक्षणको समापन समारोहमा वोल्ने वक्ताहरुले उक्त कुरा बताउनु भएको हो।

विश्व व्यापी रुपमा रहेको डिजिटल मार्केटिङ रणनीति यसको महत्व र यसलाई सहि रुपमा प्रयोग गर्न नसके अहिलेको अबस्थामा कुनै पनि पर्यटन व्यवसाय फष्टाउन नसक्ने वक्ताहरुको भनाई थियो। तालिमको समापन गर्दै गण्डकी प्रदेशको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव कुमानसिँह गुरुङले पोखरा क्षेत्रमा पर्यटकहरुको बसाई अवधि लम्बाउने गरी यहाँको पर्यटकीय नयाँ गन्तव्यहरुको खोजि देखि प्रबर्द्धन र मर्मत सुधारमा प्रदेश सरकारको बिषेश ध्यान गएको जनाउनु भयो। पदयात्राको प्रवर्द्धन र सहितलाई यसलाई बचाउने चूनौती रहेको उल्लेख गर्दै उहाँले योजनावद्ध तरिकाले पर्यटन र पदयात्रा पर्यटनको विकासमा लागेको बताउनु भयो । सचिव गुरुङले पदयात्राहरुको प्रवर्द्धन गर्ने र ती पदयात्राहरुलाई जोगाउनुपर्ने ठूलो चूनौती रहेकोले त्यसको लागि निजी क्षेत्र र सरकार दुबैको समन्वय आवश्यक भएको उल्लेख गर्नु भयो । पोखरामा सामुहिक तथा बृहत रुपमा विभिन्न जनजातिहरुको सांस्कृतिक कार्यक्रम प्रस्तुतः गराउने तयारी भएको उहाँको भनाई थियो । नेदरल्याण्डको पुम नेदरल्यान्डका अन्तर्राष्ट्रिय प्रशिक्षक जेरोएन भिन्केस्टेइजनले सहभागि ३० जनालाई प्रशिक्षण गराउदै नेपाल जस्तो देशमा आगन्तुक पाहुनालाई सहज रुपमा आउने हवाई रुटको सहज पहुच भए विश्वका अधिकांश पर्यटकहरु नेपाल आउने दाबी गर्नु भयो । नेपालको राजनीति बाहेक अन्य सबै राम्रो भएको उहाँले उल्लेख गर्नुभयो । टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले अहिलेको व्यवसायको प्रमुख चुनौती डिजिटल मार्केटिङ रहेको दाबी गर्नु भयो । उक्त प्रशिक्षण निकै फलदायी रहेकाले आगामी दिनमा यस्ता व्यवहारिक ज्ञान सिप हासिल हने प्रशिक्षण निरन्तर रुपमा आयोजना गर्ने वचन दिनुभयो । प्रविधिको प्रयोग गरेर कसरी व्यवसायको प्रवर्द्धन गर्न सकिन्छ भन्ने बारेमा प्रशिक्षणमा सहजीकरण गरिएको टान गण्डकीका प्रथम उपाध्यक्ष कृष्ण आचार्यले बताउनु भयो । समयको माग अनुसार सूचना प्रविधि र यसले विकास गरेको डिजिटल प्रविधिलाई कसरी प्रबर्द्धन गर्न सकिन्छ त्यसका बारेमा समेत गहन छलफल भएको उहाँको भनाई थियो । प्रशिक्षणमा सहभागी यदुराज पोखरेलले यस्तो तालिम फलदायि हुने विश्वास व्यक्त गर्नु भयो । पोखरा पर्यटन परिषद् का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा प्रकृति र संस्कृतिको धनि देशको विश्व बजारमा डिजिटल मार्केटिङको खाँचो भएको दाबी गर्नु भयो । कार्यक्रममा टानका पूर्वअध्यक्ष सोम थापा, टानका सचिव तीर्थराज सुवेदी लगायतले तालिमले व्यवसायीको क्षमता विकासमा सहयोग पुग्ने दाबी गर्नु भयो।

## मनसुनमा मृत्यु हुनेको सङ्ख्या १२८ जना पुग्यो

पोखरापत्र संवाददाता

पोखरा, ५ साउन

यो वर्षको मनसुन अवधिमा विपत्तिमा परेर शनिबारसम्म एक सय २८ जनाको मृत्यु भएको छ। प्रहरी प्रधान कार्यालयका अनुसार मनसुन सुरु भएको दिन गत जेठ २८ गतेदेखि शनिबारसम्म ४२ दिनको अवधिमा अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत विपद्परी शनिबार दिउँसोसम्म एक सय २८ जनाको मृत्यु र एक सय ४३ जना घाइते भएका छन् ।

प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार बाढी, पहिरोलगायत विपद्मा परी काठमाडौं उपत्यकामा दुई, कोशी प्रदेशमा २२, मधेस प्रदेशमा पाँच, बागमती प्रदेशमा २२, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा नौजनाको ज्यान गएको छ। बाढीका कारण जम्मा एक सय ८२ घर डुबानमा परेका तथा दुई सय २८ वटा घर, ८३ वटा गोठ, ४३ वटा पुल, एक विद्यालय र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ । विपद्मा परी पाँच सय ८९ वटा पशुचौपाया मारिएका छन् ।

उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार सात सय ७९ घरपरिवार विस्थापित भएका छन् ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# यु २० बुद्धिचाल प्रतियोगिताको उपाधि इश्वरलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

पोखरामा सम्पन्न यु २० बुद्धिचाल प्रतियोगिताको उपाधि इश्वर घिमिरेले जितेका छन् । अन्तर्राष्ट्रिय बुद्धिचाल संघ (फिडे) को एक सय औं वर्षको अवसरमा आयोजित प्रतियोगितामा एक सय पाँच प्रतिस्पर्धीलाई पछि पार्दै इश्वर च्याम्पियन बनेका हुन् ।



हिमालयन मित्र बाल क्लबको आयोजनामा पोखरा १७ विरौटामा भएको प्रतियोगितामा इश्वरले कुल ८ अंक प्राप्त गरे । दोस्रो भएका कौशल थापाको पनि ८ अंक रहेपनि इश्वर प्रथम हुँदा थापा दोस्रो भए । यस्तै सात अंकका साथ अनिज पोखरेल तेस्रो भए । उनीहरुले क्रमशः दुई हजार, एक हजार पाँच सय र एक हजार रुपैयाँ प्राप्त गरे ।

यस्तै आदर्श गौतम चौथो र सुजना रानाभाट पाँचौ भए । यु-१६ तर्फ संगम सिम्खडा, यु-१४ तर्फ संकल्प श्रेष्ठ र यु-१० तर्फ प्रसंशा भण्डारी प्रथम भए । उनीहरुले समान पाँच पाँच सय रुपैयाँ प्राप्त गरे । प्रतियोगितामा हार्दिक पौडेल अनुशासित खेलाडी घोषित भए भने प्रशंसा भण्डारी महिला विजेता भएकाले एक हजार रुपैयाँ प्राप्त गरिन् । प्रतियोगिता दुई दिनसम्म चलेको थियो । कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य पञ्चराम गुरुङ, प्रदेश खेलकुद परिषदका उपाध्यक्ष ध्वजकुमार गुरुङ, गण्डकी प्रदेश बुद्धिचाल संघका अध्यक्ष युवराज भण्डारी, पोखरा महानगरपालिका बुद्धिचाल संघका अध्यक्ष चन्द्र गुरुङ, पोखरा महानगरपालिका वडा नम्बर १७ का वडासदस्य विक्रम गुरुङ, क्लबका संरक्षक भोजराजबराल,समाजसेवीपवित्रा थापालगायतको सहभागिता रहेको थियो । कार्यक्रमको अध्यक्षता क्लबका अध्यक्ष परिवेश थापाले गरेका थिए । उपाध्यक्ष गृष्मा पौडेलले स्वागत मन्तव्य राखेकी थिइन भने कार्यक्रम सञ्चालन सचिव सृजन केसीले गरेका थिए । प्रतियोगितामा स्विस लिग अन्तरगत ९ चरणको खेल खेलाइएको थियो ।

# एलपी ग्यास बिक्रेता संघको पदस्थापन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

एलपी ग्यास बिक्रेता संघ कास्कीको नवनिर्वाचित कार्यसमितिले कार्यभार सम्हालेको छ ।




कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको प्रमुख आतिथ्यतामा निर्वाचन समिति संयोजक तथा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष संजिवबहादुर कोइरालाले नवनिर्वाचित समितिको पदस्थापन गराएका हुन् । एलपी ग्यास बिक्रेता संघको १६ औ वार्षिक साधारण सभा तथा छैटौं अधिवेशनले अध्यक्षमा नारायणदत्त दाहालसहित पदाधिकारी र सदस्यहरु निर्विरोध निर्वाचित गरेको हो । समितिको निवर्तमान अध्यक्षमा बालकृष्ण कोइराला,उपाध्यक्षमा शिवकुमार श्रेष्ठ,सचिवमा हरिकृण अधिकार ी,कोषाध्यक्षमा किरणकृष्ण तिवारी, सहसचिवमा गंगाधर बराल र सदस्यहरुमा विक्रम नेपाली,सुरज गुरुङ,खिमराज आचार्य,सन्तबहादुरलामिछाने,दीनेश कार्की र पूर्णबहादु थापा रहेका छन् । पदस्थापना कार्यक्रममा बोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी पाण्डेले व्यवसायीहरुले आफू पनि उपभोक्ता भएको बिर्सन नहुने बताए । उनले ग्यास अत्यावश्यक बस्तु भएकाले त्यसको बिक्री वितरणलाई सुरक्षित र सरल बनाउनुपर्नेमा पनि जोड दिए । नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीका संस्थापक अध्यक्ष संजिवबहादुर कोइरालाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक वर्षमा दायर गरेका मुद्दाहरु हेर्दा थोरैमात्र व्यवसायी र धेरै कर्मचारी तथा जनप्रतिनिधि परेको तथ्य पेश गर्दै जनप्रतिनिधिहरुमाथि दवाब सिर्जना गर्नुपर्नेमा जोड दिए । उनले ट्राफिक प्रहरीको गलत रवैयाका कारण व्यवसायीहरु मर्कामा परेको जिकिर पनि गरे । प्रहरीले थुनुवाहरुलाई ट्रकमा कोचेर अदालत लैजाने, प्रहरी प्रमुख तथा विशिष्ठ व्यक्तिको सुरक्षामा खटिने प्रहरी भ्यानको पछाडि मान्छे बस्न हुने तर व्यवसायीहरुले सामान रुभ्ने भएकाले छत राख्दा पनि जरिवाना गर्नु गलत भएको उनको भनाइ थियो । उनले घुम्ती र कुनोमा बसेर ट्राफिकले सवारी जाँच गर्ने, कुनै गाडीको लाइट बलेको छैन भने १ हजार जरिवाना तिराउने तर त्यो लाइट बनाउन चाहिँ नभन्ने गरेको जिकिर पनि गरे । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी सदस्य रामकाली खड्का,पोखरा च्याम्बर अफ कमर्सका अध्यक्ष यमनाथ पौडेल, पोखरा उद्योग वाणिज्य संघका महासचिव बलराम आचार्य, लेखनाथ उद्योग वाणिज्य संघका कोषाध्यक्ष धुवबाबु भट्टराई, एलपी ग्यास बिक्रेता महासंघका केन्द्रीय उपाध्यक्ष नारायणप्रसाद पौडेल, एलपीग्यास बिक्रेता संघका निवर्तमान अध्यक्ष बालकृष्ण कोइराला, नवनिर्वाचित अध्यक्ष नारायणदत्त दाहालसहित कार्यसमिति सदस्य सन्तबहादुर लामिछानेले पनि मन्तव्य राखेका थिए ।

# बोलबम पदयात्रा तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

केदारेश्वर महादेवमणि सेवाश्रम समिति, बैदामको आयोजनामा विगतका वर्षभैं यस वर्ष पनि साउन सोमबार बोलबम पदयात्रा हुने भएको छ ।

पोखरामा भण्डै साढे दुई दशकदेखि जारी यो कार्यक्रमले यहाँ धार्मिक पर्यटन प्रवर्द्धनमा समेत सघाउ पुग्दै गएको छ । 'बोलबमको ध्वनिले, शान्ति पाऊन् साराले' भन्ने मूलमन्त्रका साथ आयोजना हुने यो कार्यक्रम साउनका चार वटै सोमबार बगर शुक्लागण्डकी गाईघाटस्थित १०८ धारामा स्नान गरेर ८ किमी पैदलयात्रासहित बैदामस्थित केदारेश्वरमा १०८ शिवलिंगमा जलार्पण गरिनेछ । शनिबार पत्रकार सम्मेलनमा विश्वहिन्दु महासंघका केन्द्रीय उपाध्यक्ष समेत रहेका बोलबम संयोजक शंकर खरालले कार्यक्रमको आवश्यक तयारी पूरा भएको बताए । केदारेश्वर महादेवमणि सेवाश्रमका पिठाधीश डा. चिद्घन चैतन्यले पोखरा धार्मिक पर्यटनको प्रशस्त अवसर भएको सहर भएको बताए । प्रचार संयोजक दुर्गा अधिकारीले बोलबम पोखराको चिनारीसमेत भएकोले सञ्चारमाध्यमबाट सहयोग गर्नुपर्नेमा जोड दिइन् । कार्यक्रम सफल पार्न विभिन्न उपसमिति गठन गरिएको समिति सचिव ओमनाथ अधिकारीले बताए । बोलबम जलयात्रामा नौमती बाजा, भजनकीर्तन, झाँकी प्रस्तुत गरिने छ । मध्याह्न षोडस उपचारसहित विशेष पूजा आराधनादेखि भजन कीर्तन गरिने छ भने सन्ध्याकालीन समयमा विशेष पूजासहित महाआरतीसँगै शिवसाधना हुनेछ । राष्ट्रिय लोकभजन चुड्का संरक्षण प्रतिष्ठान, विश्व हिन्दू महासंघ सांस्कृतिक समूह र विभिन्न भजन समूहद्वारा भजन प्रस्तुति गरिने आयोजकले जनायो । बोलबम प्रचारका लागि शनिबार मोटरसाइकल र्‍यालीसमेत भयो ।

# अन्नपूर्णमा शिक्षक सङ्गठनले बुझायो ज्ञापन पत्र

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

नेपाल राष्ट्रिय शिक्षक संगठन, अन्नपूर्ण गाउँपालिका समितिले शैक्षिक मुद्दामा आफ्ना मागहरु राख्दै शुक्रबार अन्नपूर्ण गाउँपालिकामा ज्ञापन पत्र बुझाएको छ ।



नेपाल राष्ट्रिय शिक्षक संगठन राष्ट्रिय समितिको आह्वान तथा गण्डकी प्रदेश समितिको निर्णय बमोजिम शुक्रबार गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, ११ वटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई एवम् ८५ वटै स्थानीय तहहरूमा ज्ञापनपत्र बुझाउने कार्यक्रम अन्तर्गत अन्नपूर्ण गाउँसमितिले विभिन्न शैक्षिक एवम् समसामयिक विषयहरूमा ध्यानाकर्षण गराउँदै ज्ञापन पत्र बुझाएको हो । अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीलाई ज्ञापन पत्र बुझाउँदै सङ्गठनका गाउँपालिका समिति अध्यक्ष हरिप्रसाद भण्डारीले संघीय कानुनसँग बाझिने गरी स्थानीय तहले आफू खुसी नियमावली तथा कार्यविधि बनाई शिक्षकहरूको हुर्मत लिने कार्य गरेकाले यसलाई तुरून्त रोक्नुपर्ने, शिक्षकका पेसागत संगठनहरूसँग भए गरेका सम्झौताहरूको हुबहु कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिए । ज्ञापनपत्रमा संघीय र प्रादेशिक तहबाट पुरा गर्नुपर्ने अन्य मागहरुका साथसाथै स्थानीय तहबाट पुरा गर्नुपर्ने २१ वटा मागहरु प्रस्तुत गरिएको थियो । ज्ञापनपत्र बुझ्दै गाउँपालिका अध्यक्षले आफ्नो तर्फबाट माग पूरा गर्न सक्दो सहयोग गर्ने र कतिपय मागहरू पूरा गर्न संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गरे । उनले भने, "तपाईंहरुले उठाएका २१ वटा बुँदा मात्र पुरा गर्न सके पनि हाम्रो गाउँपालिकाको शिक्षामा उपलब्धिपूर्ण सुधार हुनेमा म ढुक्क छु । हामीले हाम्रो पहिलो प्राथमिकतामा शिक्षालाई राखेका छौं । तपाईंहरुले बेलाबेलामा हामीलाई झकझकाइरहनुहोला, हामी यी सबै बुँदाहरु एक वर्ष भित्र पुरा गर्न तयार छौं ।" सङ्गठनका सचिव किर्तीराज ढकालले सञ्चालन गरेको कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक सङ्गठन अन्नपूर्ण गाउँपालिका समितिका उपाध्यक्ष हरि केसी, सहसचिव सुनिता पौडेल ओझा, सचिवालय सदस्य तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

# पोखरा १९ को घार्मी तल्लाकोटमा ५ घर पहिरोको उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

पोखरा १९ स्थित घार्मीको तल्लाकोटमा रहेको एउटा बस्ती नै सडक सहितको भाग भाषियर पहिरो जाने उच्च जोखिममा रहेको छ ।




यस बर्ष परेको ठुलो बर्षाले गर्दा घर भन्दा माथिको सडकको भाग भाषियर आफुहरुको घर बस्ती नै पहिरोले पुर्ने उच्च जोखिममा रहेको स्थानिय राम प्रसाद पौडेलले बताउनु भयो ।

पोखरा महानगरपालिका र वडामासमेतउक्तपहिरोकोजोखिम भएकोले सडक मर्मत संहारसंगै आफुहरुलाई व्यबस्थापन गर्न माग गर्दा खासै चासो नदिएको उहाँले गुनासो गर्नु भयो । सडक भाषियर ५ घरका २८ जना सदस्य नै पहिरोको उच्च जोखिममा हुँदा पोखरा १९ ले आँखामा छारो हाल्ने गरी प्लाष्टिकले ढाकेर राखेको स्थानिय कृष्णप्रसाद पौडेलले बताउनु भयो । बाटो निकै उचाईमा रहेको तल बस्ती रहेकोले उक्त क्षेत्रको सडक मर्मत संहार गर्न तीन बर्ष देखि ताकेता गर्दा हालसम्म कुनै सुनुवाई नभएको उहाँले जनाउनु भयो । उक्त क्षेत्रमा सडक निर्माण भएको ४ बर्ष भए पनि विगत ३ बर्ष देखि सडक भाषिन थालेकोले आजाव उठाउदै बस्ती संरक्षणको उपाय अपनाउन हार गुहार गर्दा कुनै सुनुवाई नभएको स्थानिय कृष्ण प्रसादले जनाउनु भयो । जव आकाशमा बादक खेल्छ तव आफुहरु त्रसित हुने गरेको रातमा निद्र समेत नलाग्ने उहाँले गुनासो गर्नु भयो । कृष्ण प्रसाद, इन्द्र माया, बिष्णु, ऋषिराम र जयराम पौडेल लगायतका ५ घरका २८ जना पहिरोको जोखिममा रहेको स्थानियले बताउनु भयो ।

पोखरा १९ का वडा अध्यक्ष पुष्पेन्द्र पाण्डेले उक्त सडक गण्डकी प्रदेश सरकारले निर्माण गरेकोले सडक मर्मत संहार गर्न तत्काल २ करोड बजेट आवश्यक भएकोले बजेट अभावले गर्दा वडाको बजेटले मर्मत संहार गर्न नसकिने अबस्था रहेको बताउनु भयो ।

प्रदेश सरकार र पोखरा महानगरले समेत यस बर्षको बजेटमा यस योजनालाई नसमेटेकोले अन्य विकल्पबाट सडक मर्मत संहार गर्न पहल गर्ने उहाँले जनाउनु भयो । उहाँहरु पहिरोको जोखिममा हुँदा तपाईले के गर्नु भयो भन्ने हाम्रो प्रश्नमा अध्यक्ष पाण्डेले उहाँहरुलाई अन्य स्थानमा बस्न आग्रह गर्दा हटेर गरेर आफै जोखिम मोलेको बताउनु भयो । पोखरा १९ का वडा सदस्य कल्पना सुनारले हाल वडाबाट प्लाष्टिक र माटोले सडक भाषियको भाग पुरेर ठुलो पानी गर्दा स्थानियलाई घरमा नबस्न आग्रह गर्दै आएको बताउनु भयो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# ढोरपाटन पुग्ने सडकको दुरावस्था, पर्यटकलाई सास्ती

डम्मर बुढा मगर
बागलुङ, ५ साउन/रासस

यतिबेला ढोरपाटन क्षेत्र हरियाली भएका छन् । उपत्यकासहित चारै तिरका पहाड र समथर मैदानमा फुलेका रङ्गीन फूलले आगन्तुकलाई स्वागत गरिरहेका देखिन्छन् । प्रकृतिसँग रमाउन यो याममा धेरै आन्तरिक तथा बाह्य पर्यटक ढोरपाटन पुग्ने गर्छन् ।

वर्षा सुरुभएसँगै यहाँ पुग्ने अधिकांश भागमा बाढीपहिरा र स्तरोन्नतिका कारण सडक बिग्रिदा पर्यटकले सास्ती खेप्नु परेको छ । ढोरपाटनको प्रवेशद्वार बुर्तिबाङ बजारबाट उकालो लाग्नासाथ पर्यटकलाई सास्ती हुने गरेको हो । ढोरपाटन पुग्न राष्ट्रिय प्राथमिकताको योजना सालभ्ूण्डी-ढोरपाटन सडकको प्रयोग गर्नुपर्छ । यस बाहेक ढोरपाटन पुग्ने विकल्पका सडक अहिलेसम्म निर्माण भएका छैनन् । बुर्तिबाङबाट ढोरपाटन पुग्न ३२ किलोमिटर दूरी पार गर्नुपर्ने हुन्छ । सरकारले दुई वर्ष अगाडि उक्त खण्डको करिब २२ किमी सडक स्तरोन्नति गर्ने भन्दै ठेक्का लगाए पनि हालसम्म काम हुनसकेको छैन । निर्माण कम्पनीले सयममै काम नगर्दा ढोरपाटन पुग्ने पर्यटकले सास्ती खेप्नु परेको हो । नेपालको एक मात्रै सिकार आरक्ष ढोरपाटन सदाबहार सुन्दर देखिए पनि वर्षामा यहाँ पुग्ने कतिपय पर्यटक बीचबाटोमै अलपत्र पर्ने आवस्था भएको ढोरपाटन नगरपालिका-९ का गमबहादुर पुनले बताउनुभयो ।

"यो बेला चारैतिर हरियाली हुने हुँदा धेरै पर्यटकका यहाँ पुग्न रुचाउँछन् । सडकको दुरावस्थाका कारण आगन्तुक सहज रुपमा यहाँ पुग्न सक्दैनन् । बुर्तिबाङबाट बोबाङ गाउँसम्म जसोतसो यात्रा गरे पनि त्यसभन्दामाथि यात्रा गर्न निकै कठिन छ", उहाँले भन्नुभयो । साँघुरो सडक खाल्डाखुल्डी र हिलाम्य हुँदा पर्यटकका सवारीसाधान ढोरपाटन पुग्नै सक्दैनन् । यस बेला अधिकांश पर्यटक मोटरसाइकल र जीपमा यात्रा गर्दछन् । कतिपय स्थानमा पहिरो जाने, स्तरोन्नति नहुँदा बिग्रिनेलगायत समस्याले कतिपय पर्यटक बीचबाटोमै अलपत्र पर्ने गरेका पुनले बताउनुभयो । हिउँदको समयमा पनि यातायातका साधान सहज रुपमा सञ्चालन हुन नसक्ने भन्दै वर्खामा अझ बढी सास्ती हुने उहाँको भनाइ छ । ट्र्याक खुलेको लामो समय बितिसक्दा एक पटक पनि स्तरोन्नति हुन नसक्दा सबैभन्दा बढी समस्या स्थानीय र पर्यटकले भोग्नु परेको पुनले उल्लेख गर्नुभयो ।

"ढोरपाटन घुम्ने भनेर टाढाटाढाबाट पर्यटक आउँछन्, बाटोको अवस्थाले कोहीको सवारीसाधन बिग्रिन्छ, अनि बीच बाटोमा गाडी बिग्रिदा धेरै पर्यटक अलपत्र पर्ने गर्छन्", पुनले भन्नुभयो, "सरोकार भएका निकाय तथा राज्यले ठेकदारलाई समयमा सडक मर्मत गर्न दबाब दिनुपर्ने थियो । आलु, स्याउलगायत यहाँका कृषि उत्पादन बजारसम्म पुऱ्याउन सहज बाटो नहुँदा ढुवानी खर्च धेरै तिर्नुपर्छ, यात्रा पनि ज्यान जोखिममा राखेर गर्छौं ।"

तराई र पहाडलाई जोड्ने गरी रुपन्देहीको सालझण्डीबाट अर्घाखाँची हुँदै बागलुङ ढोरपाटन जोड्ने उक्त खण्ड विसं २०७१ मा ट्र्याक खुलेको थियो । बडिगाडको गङ्गरेबाट ढोरपाटनसम्म ६१ किलोमिटर सडक बागलुङमा पर्दछ । सालझण्डीबाट ढोरपाटनसम्म एक सय ९७ किलोमिटर रहेको छ । बडिगाड गाउँपालिका-१० गङ्गरे, निसीखोला गाउँपालिका-७ राजकुट, वडा नं १ देवीस्थान हुँदै ढोरपाटन जोडिएको सडक स्तरोन्नतिका लागि तीन वर्ष अघि ठेक्का सम्झौता भएको थियो । सम्झौता मिति सकिँदासम्म जम्मा ३० प्रतिशत मात्रै काम भएको सालझण्डी-ढोरपाटन सडक आयोजना कार्यालयका प्रमुख अञ्जु परियारले जानकारी दिनुभयो । आयोजना कार्यालयले बुर्तिबाबाट फल्लेघरसम्मको सडक स्तरोन्नति गर्न स्वच्छन्द/ओमबुद्ध जेभीसँग ३० महिनामा सक्ने गरी रु २५ करोडको सम्झौता भएको थियो । सडक स्तरोन्नति समयमै सक्न निर्माण कम्पनीलाई ताकेता गर्दागर्दै म्याद सकिएको उहाँले बताउनुभयो । निर्माण कम्पनीले आगामी पुस मसान्तसम्मका लागि म्याद थप गरेको भन्दै उक्त समयमा नसके सम्झौता रद्द गर्ने तयारी गरिएको प्रमुख परियारले बताउनुभयो । "निर्माण कम्पनीले सुरुको चरणमा तीव्र गतिमा काम गरेको थियो, पछिपछि काम गरेन, कार्यालयले नियम अनुसार पत्र लेखी ताकेता गरिरहेको छ", उहाँले भन्नुभयो, "पुससम्म म्याद थप गरेको छ, सो अवधिसम्म काम नसके ठेक्का तोडिन्छ । बजेट अभावका कारण निर्माण कम्पनीले काम गरेको रु एक करोड भुक्तानी गर्न सकिरहेका छैनौं ।" ढोरपाटन नगरपालिकाका कार्यवाहक प्रमुख धनबहादुर कायत (कल्याण) ले सडक समयमा नबन्दा यहाँका हजारौं नागरिक र आगन्तुकले सास्ती खेप्नु परेको बताउनुभयो । निर्माण कम्पनीलाई समयमा काम सक्न पालिकाले सघाउँदा पनि काम नगरेको उहाँले गुनासो पोख्नुभयो । सङ्घीय सरकार मतहतको आयोजना हुँदा नगरपालिकाले काम गर्न नमिल्ने भन्दै बाढीपहिरोका कारण समयसमयमा सडक बन्द हुँदा खुलाउने काम भने गर्दै आइएको कायतले जानकारी दिनुभयो । सडकका कारण ढोरपाटन आउने हजारौं पर्यटक बुर्तिबाङबाटै फर्कने गरेका छन् ।

# नीजि लगानीमा आर्वामा टेवल टेनिस कोर्ट निर्माण

पोखरापत्र संवाददाता
पोखरा, ५ साउन



पोखरा १३ आर्वा स्थित श्री मोहरपानी आदर्श टोल विकाश संस्थामा निजी लगानीमा टेवल टेनिस कोर्ट निर्माण गरिएको छ ।

युवा समाजसेवी, व्यवसायी रबि बराल (रबि हार्डवेयर ) ले आफ्नो निजी लगानीमा कोर्ट बनाईदिएका हुन् । रबि सहित स्थानिय युवा समाजसेवी मधु श्रेष्ठ, राजु सुनार सहितले सहयोग गरेका थिए । कोर्ट निर्माणमा प्राविधिक सहयोग ईञ्जिनियर प्रकाश वाग्ले, अमिन प्रकाश सिग्देल प्रशिक्षक दिपकराज गिरीको पनि महत्वपूर्ण सहयोग रहेको छ । टेवल टेनिस कोर्ट बनाउँदा झण्डै ४० हजार रुपयाँ खर्च भएको श्री मोहरपानी आदर्श टोल विकाश संस्थाका अध्यक्ष श्रीराम सिग्देलले जानकारी दिए । यसैबिच शनिवार एक कार्यक्रमको आयोजना गरी नव निर्मित टेवल टेनिस कोर्टको उद्घाटन गरिएको छ । कार्यक्रममा युवा समाजसेवी रबि बराल ले आफ्नो सोंच संधै समाजसेवा गर्ने रहेको भन्दै हिजो आज तथा भोलिका दिनहरुमा पनि यस प्रकारका सहयोगहरु गर्दै जाने बताए । उनले गाउँ गाउँमा यस प्रकारका खेलकुदका कोर्ट मैदान तथा खेलकुद संग सम्बन्धीत गतिविधी गर्न सक्ने हो भने ग्रामिण क्षेत्रमा रहेका प्रतिभावान खेलाडी उत्पादन गर्न सकिने बताए । प्रशिक्षक दिपकराज गिरीले एक वर्ष सम्म यहाँका खेलाडीहरुलाई निशुल्क रूपमा प्रशिक्षण गराउने प्रतिवद्धता जनाए । सो अवसरमा समाजसेवी रबि बराल तथा ईञ्जिनियर प्रकाश वाग्लेले टेवल टेनिस खेलका लागि चाहिने सामग्री ब्याट जाली तथा बल हस्तान्तरण गरेका थिए । श्री मोहरपानी आदर्श टोल विकाश संस्थाका अध्यक्ष श्रीराम सिग्देलले यस प्रकारका निर्माण एवं सहयोगहरुले पक्कै पनि स्थानियवासीमा खेलकुद प्रतिको चासो बढाउने जानकारी दिए । उनले कोर्ट निर्माण पछि विशेषगरी बालबालिकालाई खेलकूद प्रति आकर्षण थप्ने विश्वास लिए । सम्भवत साविक आर्वामा टेवल टेनिस खेलको कोर्ट यो नै पहिलो हो भन्दै उनले खेलकुद लगायत टोलमा हुने सबै प्रकारका सामाजिक गतिविधीमा टोलवासी लगायत सबैले चासो लिने, जिज्ञासा राख्ने अनि रचनात्मक सुझाव दिन आग्रह गरे । साथै उनले सहयोगी सबै प्रति स्वागत सहित धन्यवाद व्यक्त गरेका थिए। कार्यक्रम संस्थाका सचिव शिबराज बरालले सञ्चालन गरेका थिए ।

# चितवन राष्ट्रिय निकुञ्जमा पर्यटकको आगमन बढ्यो

रासस
चितवन, ५ साउन

चितवन राष्ट्रिय निकुञ्जमा पर्यटक आगमन बढेको छ । आर्थिक वर्ष २०८०/८१ मा मा तीन लाख ६ हजार आठ सय ३७ पर्यटकले निकुञ्जको भ्रमण गरेका छन् । अघिल्लो आर्थिक वर्ष २०७९/८० मा दुई लाख ९९ हजार चार सय १२ पर्यटकले मात्र निकुञ्जको भ्रमण गरेका थिए ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षभन्दा सात हजार चार सय २५ बढी पर्यटक निकुञ्ज भित्रिएका हुन् । गत आर्थिक वर्षमा एक लाख ७६ हजार तीन सय १६ आन्तरिक पर्यटकले निकुञ्जको भ्रमण गरेका थिए । आव २०७९/८० मा दुई लाख पाँच हजार ६ सय पाँच आन्तरिक पर्यटक यहाँ घुम्न आएका थिए । गत आर्थिक वर्षमा सार्क मुलुकका ३६ हजार चार सय ७१ तथा आव २०७९/८० मा ३७ हजार नौ सय ३५ पर्यटक भित्रिएका थिए । अन्य मुलुकका विदेशी पर्यटक गत आर्थिक वर्षमा ९४ हजार ५० यहाँ घुम्न आएका थिए भने आव २०७९/८० मा ५५ हजार आठ सय ७२ जनाले निकुञ्जको अवलोकन गरेका थिए । आव २०७८/७९ मा एक लाख ९० हजार चार सय ५८ पर्यटक निकुञ्ज भित्रिएका सूचना अधिकारी तिवारीले जानकारी दिनुभयो । गत आवमा अघिल्लो आवको तुलनामा तेस्रो मुलुकका पर्यटकको यहाँ आगमन बढेको पाइएको छ । निकुञ्जमा पर्यटकको आगमन बढेसँगै राजस्वमा समेत वृद्धि भएको छ । सूचना अधिकारी तिवारीका अनुसार गत आवमा पर्या-पर्यटनबाट रु ३० करोड ५७ लाख राजस्व सङ्कलन भएको छ । अघिल्लो आवमा यो रकम रु २२ करोड ९४ लाख रहेको थियो । आव २०७८/७९ मा एक लाख ९० हजार चार सय ५८ पर्यटक निकुञ्ज भित्रिएका थिए । यो आवमा रु ११ करोड ४९ लाख ९७ हजार चार सय १३ राजस्व सङ्कलन भएको थियो । यसैगरी आव २०७७/७८ मा ९८ हजार नौ सय २८ पर्यटक भित्रिँदा रु तीन करोड ५० लाख ८३ हजार तीन सय ७६ राजस्व सङ्कलन भएको थियो । आव २०७६/७७ मा रु १९ करोड ९२ लाख ५५ हजार राजस्व सङ्कलन भएको थियो । निकुञ्ज स्थापनासँगै आव २०३१/३२ देखि पर्यटकको तथ्याङ्क राख्न थालिएको हो । सो आवमा आठ सय ३६ पर्यटकले मात्र निकुञ्ज घुमेको तथ्याङ्क छ । सो आवमा रु एक लाख ४० हजार राजस्व सङ्कलन भएको थियो । आव २०३२/३३ मा दुई हजार दुई सय ६ पर्यटकले निकुञ्जको भ्रमण गर्दा रु दुई लाख एक हजार राजस्व सङ्कलन भएको थियो । सन् २०२४ लाई भरतपुर महानगरपालिकाले भरतपुर भ्रमण वर्षका रुपमा मनाइरहेको छ ।

# एसईई पास विद्यार्थीलाई तमु धिंको शैक्षिक परामर्श

पोखरापत्र संवाददाता
पोखरा, ५ साउन




तमु धिं नेपालले एसईई उत्तिर्ण तमु विद्यार्थीहरुलाई बधाई र शैक्षिक परामर्श दिएको छ । तमु धिंले शनिबार एक कार्यक्रम आयोजना गरी परामर्श दिएको हो ।

तमु धिं नेपालको प्रांगण भएको कार्यक्रममा एसईई उत्तिर्ण १ सय २० भन्दा बढि विद्यार्थीहरुलाई बधाई दिदैं सम्मानपत्रले सम्मान गरेको तमु धिं नेपालका अध्यक्ष हुम तमुले जानकारी दिए । यस क्षेत्रमा करिब १ सय ५० भन्दा बढि तमु विद्यार्थीहरुले एसईई पास गरेको उनको आँकलन छ । उच्च शिक्षामा कुन क्षेत्रमा जाँदा ठिक हुने र छात्रवृत्ति लगायत विषयमा जानकारी गराउन परामर्श आयोजना गरिएको उनको भनाई छ । 'उच्च शिक्षामा कुन विषय पढ्ने । अहिलेसम्म तमुहरु कहाँ प्रगति गरेको छ भन्ने विषयमा ध्यान दिने कुरामा परामर्श भयो,' उनले भने 'विद्यार्थीहरुलाई आदिवासी कोटा लगायत सेवा सुविधाका बारेमा पनि थाहा हुदैन । यि सबै कुरामा परामर्श दिइएको हो ।'

कार्यक्रममा व्यावसायिक परामर्शदाता डिबी (धनबहादुर गुरुङ), तमु धिं नेपालका अध्यक्ष हुम तमु लगायतले परामर्श दिएका थिए । आफ्नो क्षमता अनुसारको विषय लिएर पढ्द उनको सुझाव थियो ।

उक्त कार्यक्रममा गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले एसईई पास भएका विद्यार्थीहरुलाई उच्च शिक्षापछि देश र आफ्नो समुदायप्रतिको जिम्मेवारी पुरा गर्न आग्रह गरे । 'हाम्रो समुदायमा विदेशिने चलन बढिरहेको छ । यसमा हामी सजग हुन जरुरी छ,' उनले भने, 'योग्य, क्षमतावान र सिप बढाउन जुनसुकै देश जानुहोस् तर पछि नेपाल आएर देश र समुदाय प्रतिको जिम्मेवारी पुरा गर्न नभुल्नुहोला ।' तमु धिं नेपालका संस्थापक अध्यक्ष कर्म तमु, वरिष्ठ उपाध्यक्ष श्रीप्रसाद गुरुङ, महासचिव जुनाकुमारी गुरुङ लगायतले विद्यार्थीहरुको उज्ज्वल भविष्यको कामना गर्दै उच्च शिक्षा हासिलका लागि मेहनत गर्न आग्रह गरे ।

कार्यक्रममा मेजर जयबहादुर गुरुङ अक्षयकोषको रकमबाट तमु धिंमा आवद्ध विभिन्न समाजका १३ जना दीर्घरोगीहरुलाई उपचार रकम सहयोग गरिएको थियो । सोही कार्यक्रममा तमु धिं नेपाल केन्द्रीय युवा समितिले सांस्कृतिक नृत्य प्रस्तुत गरेको थियो ।

# बङ्गलादेशमा अध्ययनरत विद्यार्थीको सहजताका लागि 'हेल्प डेस्क'

रासस
काठमाडौं, ५ साउन

परराष्ट्र मन्त्रालयले बङ्गलादेशमा विकसित पछिल्लो घटनाक्रमका कारण समस्यामा परेका नेपाली विद्यार्थीको सहयोगका लागि 'हेल्प डेस्क' स्थापना गरेको छ ।

मन्त्रालयले शनिबार एक सूचना जारी गरी त्यहाँ रहेका विद्यार्थीको सहजताका लागि आवश्यक सम्पर्क व्यक्तिसहित हेल्प डेस्कको व्यवस्था गरिएको जनाएको छ । समस्यामा परेका विद्यार्थी तथा अभिभावक एवं आफन्तका लागि आवश्यक जानकारी, सहयोग र सहजीकरणका लागि मन्त्रालयले निर्धारण गरेको इमेल वा फोन नम्बरमा सम्पर्क गर्न एवं अनलाइन फाराम भर्न मन्त्रालयले अनुरोध गरेको छ ।

सम्पर्कका लागि नेपाली राजदूतावास ढाकामा द्वितीय सचिव योजना बम्जन र रिया क्षेत्री तथा सिंहदरबारस्थित मन्त्रालयमा सम्पर्कका लागि शाखा अधिकृत महेश्वरमणि त्रिपाठीलाई सम्पर्क गर्न अनुरोध गरिएको छ । त्यसका अतिरिक्त भविष्यमा पुनः सहयोग आवश्यक पर्नसक्ने सन्दर्भमा आफू अध्ययनरत विश्वविद्यालय, कलेज वा शैक्षिक संस्थाको नाम र ठेगाना मन्त्रालयलाई जानकारी गराइदिनसमेत अनुरोध गरिएको सूचनामा उल्लेख छ ।

यस सूर्य ब्लेण्डर्स प्रा. लि. बाट उत्पादित विभिन्न ब्राण्डका मदिराहरुको मूल्यसूचि आ.ब.२०८१/०८२ का लागि हाललाई मिति २०८१/०२/२३ मा पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित मूल्य सूचि नै यथावत गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

SURYA BLENDERS

सूर्य ब्लेण्डर्स प्रा. लि.
आँबुखैरेनी, तनहुँ

## सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आवश्यक पर्ने वस्तु तथा सेवा आपूर्ति गर्न फर्म/कम्पनीको सूचीकरण सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८१ श्रावण ०६ गते)

यस वित्तीय संस्थालाई आ.व.२०८१/०८२ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित वस्तु तथा सेवाहरु आपूर्ति/प्रवाह गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोवार गर्न स्वीकृत प्राप्त गरेका इच्छुक रजिष्ट्रड फर्म/कम्पनीको सूची दर्ता गराउनु पर्ने भएकोले आफुले आपूर्ति/प्रवाह गर्ने वस्तु एवम् सेवाहरुको विवरण, फर्म/कम्पनी दर्ता नविकृत प्रमाण पत्र, स्थायी लेखानम्बर (PAN) दर्ता प्रमाण-पत्र तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता, कर चुक्ता प्रमाणपत्र सहितको आवेदन मिति **२०८१/०४/२० गते भित्र** यस वित्तीय संस्थामा दर्ता गराउन हुन वा इमेल Email: info@sampadalaghubitta.com.np, Website: https://sampadalaghubitta.com.np मार्फत पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वित्तीय संस्थालाई आवश्यक पर्ने वस्तु तथा सेवाहरुः-**

| | |
|---|---|
| १. स्टेशनरी प्रिन्टिङ्ग | २. स्टेशनरी तथा अन्य फुटकर सामान आपूर्ति |
| ३. प्रिन्टर र फोटोकपीमा लाग्ने इन्क, रिबन, ड्रम टोनर तथा कार्टेज आपूर्ति तथा मर्मत संभार | ४. फर्निचर र फिक्चर्स आपूर्ति मर्मत तथा संभार |
| ५. विज्ञापन डिजाईन तथा कुरियर सेवा | ६. वित्तीय संस्था बस्ने भवनको पार्टेशन, फर्निसिङ्ग सामान आपूर्ति तथा मर्मत संभार साथै आन्तरिक सजावटका कार्यहरु |
| ७. साइनवोर्ड, फ्लेक्स वोर्ड आपूर्ति तथा मर्मत सेवा | ८. Laptop/Desktop/Server Computer, Printer, Scanner/Telephone set यु.पि.एस. ब्याट्री, चेकराइटर र पार्टपूर्जाहरु आपूर्ति तथा मर्मत कार्य |
| ९. CCTV /EPABX सम्बन्धी सामानहरु आपूर्ति तथा मर्मत | १०. अफिस उपकरण, फोटोकपी मेशिन, एयरकन्डिशन मेशिन आदि आपूर्ति तथा सोमा लाग्ने पार्टपूर्जाहरु आपूर्ति तथा मर्मत |
| ११. इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सम्बन्धी सामानहरु आपूर्ति तथा सो सम्बन्धी सामानहरु मर्मत संभार समेतका कार्यहरु | १२. सवारी साधनको पार्टपूर्जा, मर्मत संभार र आपूर्ति (गाडी, मोटरसाइकल, स्कुटर) |
| १३. सेफ/दराज, फाइल ऱ्याक आपूर्ति तथा मर्मत | १४. किचेनका सामानहरु |
| १५. पिउने पानी आपूर्ति | १६. अन्य सेवाहरु |

**अन्य जानकारीहरुः**

१. सूचीकृत हुने निवेदनहरु मध्येबाट योग्य ठहरिएका विक्रेता फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ । यसरी सूचीकृत गर्दा पेश हुन आएको विवरणलाई आधार मानी गरिनेछ ।
२. सूचीकृत दर्ताको समयमा आवश्यक सम्पूर्ण कागजात, अनुभव प्रमाणपत्रको प्रतिलिपि तथा अन्य कागजातहरु पेश गर्नु पर्नेछ ।
३. सूचीकृत भएका विक्रेता, फर्महरुबाट यस संस्थाको आवश्यकता अनुसारको वस्तु खरिद तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट तथा बोल कबोलबाट भाग लिन सकिनेछ ।
४. सूचीकृतमा पर्ने फर्महरुलाई सूचीकृत भएको जानकारी पत्र मार्फत् गराइनेछ र वार्षिक सम्झौता समेत गर्न सकिनेछ ।
५. सूचीकृत भएका कम्पनी तथा फर्महरुले सन्तोषजनक सेवा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा सूचीबाट बिना सूचना हटाउन सकिनेछ । यस उपर कुनै दावी, विरोध गर्न पाइने छैन ।
६. सूचीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा नै निहित रहनेछ ।

सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड
Sampada Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था, (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालयः बन्दिपुर-१, डुम्रे, तनहुँ
फोनः ०६५-५८०४०७, ५८०४२७
Website: https://sampadalaghubitta.com.np